# संघीय संसद

# राष्ट्रिय सभा

# अठारौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १२ बैशाख २०८२

# शुक्रबार

# बैठक सङ्ख्या- १

राष्ट्रिय सभाको अठारौं अधिवेशनको पहिलो बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:०३ बजे प्रारम्भ भयो।

(१३:०३ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, सभाको अठारौं अधिवेशनको पहिलो बैठकमा उपस्थित सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक स्वागत गर्दछु।

माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट अधिवेशन आह्वान सम्बन्धी पत्र प्राप्त हुन आएको छ। अब, उक्त पत्रको व्यहोरा जानकारी गराउँछु।

"सम्माननीय अध्यक्ष,

राष्ट्रिय सभा,

सिंहदरवार, काठमाडौं।

नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्वत् २०८२ साल वैशाख १२ गते शुक्रबारका दिन १३:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ वानेश्वरमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेको छु।

रामचन्द्र पौडेल

राष्ट्रपति

२०८२ वैशाख ३"

माननीय सदस्यहरू, अब लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट उठेर मौन धारण गरौं।

सुरु

(मौन धारण)

धन्यावाद!

माननीय सदस्यहरू, अब, पूर्व मन्त्री र प्रतिनिधि सभा सदस्य दिपक बोहराको निधनमा शोक प्रस्ताव प्रस्तुत गर्दछुः

"वि.सं. २००७ साल चैत १८ गते जन्मनु भएका प्रतिनिधि सभा सदस्य दिपक बोहराको ७४ वर्षको उमेरमा मिति २०८१ साल चैत १९ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय बोहरा नेपाल सरकारको पूर्व मन्त्री एवं संविधानसभा सदस्य हुनुहुन्थ्यो।

हाल उहाँ राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट प्रतिनिधि सभामा रुपन्देही जिल्ला क्षेत्र नम्बर ३ बाट निर्वाचित प्रतिनिधि सभाको सदस्य हुनुहुन्थ्यो।

यो बैठक स्वर्गीय बोहराप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावलाई पारित गरिदिनु हुन अनुरोध गर्दछु।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब पूर्व मन्त्री र प्रतिनिधि सभा सदस्य दिपक बोहराको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गरौं।

सुरु

(मौन धारण)

धन्यावाद!

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल वैशाख १४ गते आइतबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहि स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८२ साल वैशाख १४ गते आइतबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित भयो)।

स्थगितः १३:०८ बजे।